सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही ।
लुम्बिनी प्रदेश, नेपाल
आन्तरिक स्रोत उठाउने सम्वन्धी
दरभाउपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२१

सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ बमोजिम देहायका साप्ताहिक हाटवजारहरुको बहाल बिटौरी शुल्क उठाउन ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०८१/०८२ को (२०८१/०४/०१ देखि २०८२ असार मसान्तसम्म) वर्ष १ (एक) का लागि तेहौं नगरसभाबाट स्वीकृत दररेटमा हाटवजार बहाल बिटौरी शुल्क आन्तरिक आय उठाउन तपसिलका शर्तका अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक, व्यक्ति, फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ ।

ठेक्काको विवरणः
ठेक्काको नामः हाटवजार बहाल बिटौरी शुल्क

| आय ठेक्का नं. | साप्ताहिक हाटवजारको नाम | न्यूनतम कवोल अंक(भ्याट वाहेक) | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|
| ३/२०८०/०८१ | मुर्गिया सोमवार साप्ताहिक हाटवजार सैनामैना न.पा. वडा नं. ३ | रु.६९१३९०/ | १००० फिर्ता नहुने |
| ४/२०८०/०८१ | मुर्गिया बिहीवार साप्ताहिक हाटवजार सैनामैना न.पा. वडा नं. ३ | रु.६२८६७८/ | १००० फिर्ता नहुने |
| ५/२०८०/०८१ | शान्ती टोल शुक्रवार साप्ताहिक हाटवजार सैनामैना न.पा. वडा नं. ८ | रु.४६४४१६/ | १००० फिर्ता नहुने |

ठेक्काका शर्तहरुः

१.ठेक्का अवधि २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्म रहनेछ ।

२.ठेक्का अवधिको न्यूनतम कवोल अंक मुल्य अभिवृद्धिकर वाहेक मुर्गिया सोमवार साप्ताहिक हाटवजारको रु. ६९१३९०/ (छ लाख एकानव्वे हजार तीन सय नव्वे), मुर्गिया बिहीवार साप्ताहिक हाटवजारको रु. ६२८६७८/ (छ लाख अठ्ठाईस हजार छ सय अठत्तर) र शान्ती टोल शुक्रवार साप्ताहिक हाटवजारको रु. ४६४४१६/(चार लाख चौसठ्ठी हजार चार सय सोरह) मात्र रहनेछ ।

३.माथि उल्लेखित प्रत्येक वजारको लागि छुट्टा छुट्टै दरभाउपत्र पेश गर्नुपर्नेछ ।

४.ठेक्का अवधिमा कोभिड-१९ प्रकृतिका जस्तै महामारी आएमा साप्ताहिक हाटवजार संचालन हुन नसकेको खण्डमा उक्त अवधिभरको पुरै रकम दामाशाहीका हिसावले छुट हुनेछ ।

५.दरभाउपत्रदाताले खाम वाहिर पट्टी आय ठेक्का नम्वर, ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेखु पर्नेछ ।

६.ठेक्काको दरभाउपत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा कृषि विकास बैंक पर्रोहा शाखामा यस कार्यालयको हिसाव नं. ०४१४२०१६५९९१५०११ (ग-१-१) मा जम्मा गरेको सक्कल भौचार नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ । साथै एउटा फर्म वा व्यक्तिले खरिद गरेको दरभाउपत्र अर्को फर्म वा व्यक्तिले पेश गर्न पाउने छैन ।

७. माथि उल्लेखित ठेक्काको कवोल अंकको थप मुल्य अभिवृद्धिकर १३% (प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति, फर्म वा संस्थाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

८.ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र खरिद गरी १६ औं दिनको १२.०० वजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० वजे दरभाउपत्र खोलिनेछ ।प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्न, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदापछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९.दरभाउपत्र पेश गर्दा आफुले कवोल गरेको अंकको ५% (प्रतिशत) का दरले हुने धरौटी रकम कृषि विकास बैंक पर्रोहा शाखामा रहेको यस कार्यालयको धरौटी हिसाव नं. ०४१४२०११४९२४४०१५ (ग-३) मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ साथै ठेक्का स्वीकृत भएको व्यक्ति, फर्म वा संस्थाले सम्पूर्ण किस्ता रकम चुक्ता गरेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

१०. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कवोल अंकको ४०% (प्रतिशत) ले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ६०% (प्रतिशत) रकम वरावरको ठेक्का अवधिसम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिनेछ ।दोस्रो किस्ता बाँकी रकमको ४०% (प्रतिशत) २०८१ फाल्गुण मसान्तसम्म र तेस्रो किस्ता वापतको २०% (प्रतिशत) रकम २०८२ बैशाख मसान्तसम्ममा जम्मा गरि सक्नुपर्नेछ र सम्झौता गर्नुभन्दा पूर्व अग्रिम एकमुष्ट नगद रकम बुझाएमा १०% (प्रतिशत) छुट दिइनेछ ।

११.न्यूनतम ठेक्का अंक भन्दा घटी कवोल गरेको, म्याद नाघेको, रित नपुगेको वा कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१२.आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट गरी लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१३.उल्लेखित हाटवजारबाट निस्किएको फोहोरमैला व्यवस्थापन स्वीकृत दरभाउपत्रदाता स्वंयमले गर्नुपर्नेछ ।
१४.एउटा व्यक्ति, फर्म वा संस्थाको नामबाट माथि उल्लेखित प्रत्येक हाटवजारको एउटा मात्र दरभाउपत्र खरिद गर्न सकिनेछ साथै दरभाउपत्र दर्ता गराई सकेपछि संशोधन गर्न पाइने छैन ।
१५.प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सवै दरभाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ । ठेक्कामा कुनै विवाद आएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६.स्वीकृत दरभाउपत्रदाताले यस नगरपालिकाको आर्थिक ऐन, २०८० ले तोकेको दररेटमा बहाल बिटौरी शुल्क उठाउनु पर्नेछ साथै शुल्क उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट रसिद छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ साथै विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner